स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७८ को
अनुसूची ३
(दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित)

# कालीगण्डकी गाउँपालिका, विर्घा, स्याङ्जा

# स्थानीय राजपत्र

खण्डः १० संख्याः ०५ मितिः २०८३/०३/१६

# भाग-१

## कालीगण्डकी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, विर्घा, स्याङ्जा

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति २०८३।०३।१६ गते कालीगण्डकी गाउँपालिकाको गाउँसभाले बनाएको **"कालीगण्डकी गाउँपालिका, स्याङ्जाको विनियोजन ऐन, २०८३"** सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

कालीगण्डकी गाउँपालिका, स्याङ्जाको आर्थिक बर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभामा पेश भएको मिति : २०८३/०३/०९

**प्रस्तावना :**

कालीगण्डकी गाउँपालिका, स्यांजा २०८३/८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप—धारा (२) बमोजिम कालीगण्डकी गाउँपालिका, स्यांजाको गाउँ सभाले यो विधयक बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस विधयकको नाम “कालीगण्डकी गाउँपालिका, स्यांजाको विनियोजन विधयक, २०८३” रहेको छ ।

(२) यो विधकयक सभाबाट पारित भए पछि तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८३/८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष ०८३/८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ५६,८१,८१,००० (अक्षेरुपी रुपैयाँ छपन्न करोड

एकासी लाख एकासी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को निमित्त कालीगण्डकी गाउँपालिका, स्यांजाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

आज्ञाले,
भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत